# क्षयरोग (TB) संक्रमण

## Tuberculosis (TB) Infection

Nepali

## क्षयरोग (TB) संक्रमण भनेको के हो?

क्षयरोग (TB) क्षयरोग कीटाणुहरूका कारणले हुने संक्रमण हो। यो संक्रमण हावाबाट फैलिन्छ।

तपाईंको शरीरमा TB का कीटाणुहरू भएतापनी आफूले बिरामी महसुस नगर्ने सम्भावना रहन्छ। यसलाई TB संक्रमण, अव्यक्त TB संक्रमण, वा 'सुतेको' TBभनिन्छ। यो अव्यक्त TB तपाईंबाट अरु व्यक्तीमा सर्दैन।

यदि तपाईंलाई TB संक्रमण छ भने, तपाईंले जाँच गराउने कुनै पनि डाक्टरलाई भन्नुपर्छ। तिनीहरूले यो जानकारी गोप्य राख्नेछन्। यसबारे तपाईंले अरू कसैलाई बताउन आवश्यक छैन।

TB संक्रमण TB रोग (health.nsw.gov.au/Infectious/tuberculosis/Pages/tuberculosis-factsheets-languages.aspx) भन्दा फरक छ। TB रोग तब हुन्छ जब TB का कीटाणुहरू सक्रिय हुन्छन् वा संख्यामा वृद्धि हुन्छन् र तपाईंलाई बिरामी बनाउँछन्। यदि त्यस्तो हुन्छ र TB तपाईंको फोक्सोमा छ भने, कीटाणुहरू अन्य व्यक्तिहरूमा सर्न सक्छन्। TB का लक्षणहरूमा खोकी, ज्वरो, रातमा पसिना आउनु र छिटो तौल घट्नु पर्दछन्।

## मलाई TB संक्रमण छ भन्ने कसरी थाहा हुन्छ?

तपाईंलाई TB को संक्रमण छ कि छैन भनेर पत्ता लगाउन तपाईंको डाक्टर वा नर्सले तपाईंलाई परीक्षण गराउन अनुरोध गर्न सक्छन्। उनीहरूले अनुरोध गर्न सक्ने दुई प्रकारका परिक्षण छन्:

- TB रगत परीक्षण (जसलाई QuantiFERON Gold वा IGRA पनि भनिन्छ), वा
- क्षयरोग छाला परीक्षण (जसलाई TST वा Mantoux परीक्षण पनि भनिन्छ)। यो पाखुराको छालामा सानो इन्जेक्सन दिएर गरिन्छ।

## के मलाई TB लाग्नेछ?

तपाईंको प्रतिरक्षा प्रणालीले TB का कीटाणुहरूसँग लड्न प्रयास गर्नेछ। यसले तपाईंलाई TB रोग लाग्नबाट रोक्न सक्छ।

TB संक्रमण भएका १० मध्ये १ जनामा TB रोगको विकास हुन्छ। यो केहि महिना भित्र हुन सक्छ, तर यो तपाईं पहिलो पटक क्षयरोग कीटाणुहरूबाट संक्रमित भएको धेरै वर्ष पछि हुन सक्छ।

तपाईको TB संक्रमण विकसित भएर TB रोगमा परिणत हुने जोखिम बढी हुन्छ यदि तपाईं:

- धेरै सानो (५ वर्ष भन्दा कम) वा ६५ वर्ष भन्दा बढी उमेरको हुनुहुन्छ।
- कुनै रोग छ, जसले तपाईंको प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँछ, जस्तै: मधुमेह।
- औषधि लिइरहनुभएको छ, जसले तपाईंको प्रतिरक्षालाई कमजोर बनाउँछ।
- तपाईंको प्रतिरक्षालाई कमजोर बनाउन सक्ने गरि तनाव लिइरहनुभएको छ।

यदि तपाईं चिन्तित हुनुहुन्छ भने, तपाईंले आफ्नो डाक्टरसँग TB रोगको विकासको जोखिमबारे छलफल गर्नुपर्छ।

तपाईंको डाक्टरले TB रोग रोक्नको लागि विशेष एन्टिबायोटिक्स, वा नियमित छातीको एक्स - रे निगरानी (health.nsw.gov.au/tb-cxr-monitoring) लिन सिफारिस गर्नसक्छन् ताकि TB रोगको कुनै पनि लक्षणहरू चाँडै पत्ता लगाउन मद्दत गर्न सकियोस्।

## थप जानकारी

TB बारेमा थप जानकारीका लागि, health.nsw.gov.au/tb हेर्नुहोस्।

तपाईंको भाषामा नि:शुल्क मद्दतको लागि, अनुवाद र दोभाषे सेवा (TIS) लाई 13 14 50 मा फोन गर्नुहोस्।

© NSW Ministry of Health. SHPN (CDB) 240410-10. May 2024